चन्द्रकोट गाउँपालिका
कार्यपालिका बैठकमिति :२०८१/१०/०६
बैठक संख्या : सातौं (२०८१/०८२)

आज मिति २०८१ साल माघ ६ गते आईतवारका दिन चन्द्रकोट गाउँपालिकाका अध्यक्ष श्री युवराज खत्री क्षत्रीज्यूको अध्यक्षतामा गाउँकार्यपालिका सदस्यहरुको उपस्थितिमा गाउँकार्यपालिकाको बैठक वसी तपसिल बमोजिमका प्रस्तावहरुमा छलफल गरी देहाय वमोजिमका निर्णयहरु गरीयो।

उपस्थिति

| सि.नं. | पदाधिकारीकोनामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री युवराज खत्री क्षत्री | अध्यक्ष | [signature] |
| २. | श्री विष्णु प्रसाद भण्डारी | उपाध्यक्ष | [signature] |
| ३. | श्री घनश्याम खरेल | १ नं. वडा, वडाअध्यक्ष (प्रवक्ता) | [signature] |
| ४. | श्री कमल के.सी. | २ नं. वडा,वडाअध्यक्ष | [signature] |
| ५. | श्री डिल्लीराज सुवेदी | ३ नं. वडा,वडाअध्यक्ष | [signature] |
| ६. | श्री बल बहादुर बस्नेत | ४ नं. वडा, वडाअध्यक्ष | [signature] |
| ७. | श्री पृथ वहादुर कार्की | ५ नं. वडा, वडाअध्यक्ष | [signature] |
| ८. | श्री अमरसिंह दगामी | ६ नं. वडा, वडाअध्यक्ष | [signature] |
| ९. | श्री अनन्तराम भण्डारी | ७ नं. वडा, वडाअध्यक्ष | [signature] |
| १०. | श्री फणिन्द्र राज अर्याल | ८ नं. वडा, वडाअध्यक्ष | [signature] |
| ११. | श्री डिलमाया बुढाथोकी | कार्यपालिका सदस्य | [signature] |
| १२. | श्री विष्णुकला थापा | कार्यपालिका सदस्य | [signature] |
| १३. | श्री लक्षिमा अर्याल | कार्यपालिका सदस्य | [signature] |
| १४. | श्री विष्णुमाया सापकोटा | कार्यपालिका सदस्य | — |
| १५. | श्री धन बहादुर वि.क. | कार्यपालिका सदस्य | — |
| १६. | श्री सूर्य कुमार वस्याल | कार्यपालिका सदस्य | — |
| १७. | श्री बुद्ध प्रकाश पौडेल | प्रमुख प्रशासकीय अधिकृत | [signature] |
| | | आमन्त्रित | |
| १८. | श्री प्र. ग्यावाली | प्रशासन अधिकृत | [signature] |
| १९. | श्री प्रकाश पन्थी | योजना अधिकृत | [signature] |
| २० | | | |

चन्द्रकोट गाउँपालिका
कार्यपालिका बैठकमिति :२०८१/१०/०६
बैठक संख्या : सातौं (२०८१/०८२)

**प्रस्तावहरु :**

१. समिक्षा सम्बन्धमा।

२. नतिजा सम्बन्धमा।

३. विविध।

क. मदर्सा संचालन अनुमति सम्बन्धमा।

ख. १५ शैय्या अस्पतालको कार्य सम्बन्धमा।

ग. कार्यविधि सम्बन्धमा।

**निर्णयहरु :**

१. प्रस्ताव नं.१ उपर छलफल गर्दा यस कार्यपालिकाको अघिल्लो बैठक पश्चात भएका विभिन्न गतिबिधिहरुबारे समिक्षा गरियो। साथै यस अघि गाउँ कार्यपालिका बैठकबाट भएका निर्णयहरुलाई क्रमश: कार्यन्वयन गर्दै प्रभावकारी सार्वजनिक सेवा प्रवाह तथा विकास निर्माणका कार्यहरु संचालन गर्ने।

२. प्रस्ताव नं.२ उपर छलफल गर्दा यस चन्द्रकोट गाउँपालिका गुल्मीको आर्थिक वर्ष २०८०/०८१ को स्थानिय तह संस्थागत स्व-मूल्याङ्कन कार्यविधि २०७७ बमोजिम विभिन्न १० वटा क्षेत्रका १०० वटा सूचकहरुमा तथा स्थानीय तह वित्तिय जोखिम मूल्याङ्कन कार्यविधि २०७७ अनुसार विभिन्न ५ वटा क्षेत्रका ११४ वटा सूचकहरुमा चन्द्रकोट गाउँपालिकाले आ.व. २०८०/०८१ मा सम्पादन गरेका कामका आधारमा प्राप्त प्राप्ताङ्कलाई अनुमोदन गर्ने। साथै नतिजा थप सुधारका लागि विभिन्न गतिविधिहरु संचालन गर्दै लैजाने।

३: प्रस्ताव नं.३ विविध उपर छलफल गर्दा देहाय बमोजिम गर्ने।

क. यस चन्द्रकोट गाउँपालिका वडा नं. ४ शान्तिपुरमा मदर्सा संचालनको अनुमतिका लागि मदर्सा गुल्सने मदिना व्यवस्थापन समितिको निवेदन प्राप्त भएकोमा उक्त स्थानमा मदर्सा संचालन गर्नका लागि अवस्था अध्ययन गर्नका लागि तपशिल बमोजिम हुनेगरी एक अध्ययन कार्यदल गठन गर्ने र उक्त कार्यदलले आफ्नो प्रतिवेदन २०८१ फागुन १५ गतेभित्र कार्यपालिका समक्ष पेश गर्ने।

तपशिल:

वल बहादुर वस्नेतः ४ नं. वडाध्यक्ष- संयोजक
डिल्लीराज सुवेदीः ३ नं. वडाध्यक्ष- सदस्य
अमर सिंह दगामीः ६ नं. वडाध्यक्ष- सदस्य
शुशिला पुनः ३ नं. वडा सदस्य- सदस्य
दिपेन्द्र जि.सि.- शिक्षा प्रा.स:- सदस्य सचिव

बुद्ध प्रकाश पौडेल
प्रमुख प्रशासकीय अधिकृत

चन्द्रकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
शान्तिपुर, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल